# महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध आधारभूत कानुनी सूचनाहरु




Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np


FEDO

unicef



# जन्म दर्ता गराऔं

FEDO

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

unicef

# जन्मदर्ता सम्बन्धी

**छोरा, छोरीको जन्म दर्ता गर्नु पर्नेः**

(१) कुनै दम्पतिको कुनै छोरा, छोरी जन्मिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी समक्ष त्यस्तो छोरा, छोरी जन्मिएको पैंतालीस दिनभित्र जन्म दर्ताको लागि आमा वा बाबु वा दुवैले निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद नाघी कसैले छोरा छोरी जन्म दर्ताको लागि निवेदन दिन चाहेमा पचास रुपैयाँ दस्तुर लाग्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित अधिकारी वा स्थानीय निकायले आफ्नो कार्यालयमा कानून बमोजिम तोकिएको ढाँचामा खडा गरिएको जन्म दर्ता किताबमा सो विवरण उल्लेख गरी निवेदकलाई कानून बमोजिम तोकिएको ढाँचामा जन्मदर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको दर्ता किताबमा विवरण उल्लेख गर्दा सम्बन्धित नाबालकको नाम, थर, जन्मिएको मिति (साल, महिना, गते र बार समेत) र स्थान, निजको आमा, बाबु तथा बाजेको नाम, थर, वतन समेत उल्लेख गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सम्बन्धित अधिकारी वा स्थानीय निकायले प्रत्येक महिनाको मसान्तसम्म आफ्नो कार्यालयमा खडा गरेको दर्ता किताबमा उल्लेख भएको विवरण त्यसपछिको पहिलो महिनाको पन्ध्र गतेभित्र जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ र सो कार्यालयले पनि प्रत्येक महिनाको अन्त्यसम्म त्यस्तो विवरण सो प्रयोजनको लागि आफ्नो कार्यालयमा खडा गरेको जन्म दर्ता किताबमा उल्लेख गरी प्रत्येक तीन महिनामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त भएको विवरणलाई सम्बन्धित मन्त्रालयले सो प्रयोजनको लागि खडा गरेको जन्मदर्ता किताबमा उल्लेख गरी प्रत्येक वर्ष अद्यावधिक विवरण कायम गर्नु पर्नेछ।



छोराछोरीमा भेदभाव नगरौं

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

# छोराछोरीमा भेदभाव

## बालबालिका सम्बन्धी ऐन २०४८

**भेदभाव गर्न नहुने**: छोरा छोरीलाई आमा बाबुले आफ्नो छोरा, छोरीको पालनपोषण, शिक्षा तथा दीक्षा, खेलकुद, स्वास्थ्योपचार वा मनोरञ्जनको सुविधामा छोरा वा छोरीको आधारमा वा छोरा छोरा वा छोरी छोरी बीच कुनै किसिमले भेदभाव गर्न हुँदैन।

**विशेष हेरचाह गर्नु पर्ने** : कुनै छोरा छोरी शारीरिक वा मानसिक रूपले अशक्त वा अपाङ्ग भएमा वा निजलाई मानव रोग प्रतिरोधात्मक क्षमता नष्ट गर्ने (एच.आई.भी.) वा हेपाटाइटिस बी जस्ता प्राणघातक रोग लागेमा आमा बाबुले त्यस्तो छोरा छोरी उपर विशेष निगरानी राखी निजलाई विशेष सहुलियत र संरक्षण प्रदान गर्नु पर्नेछ।

**दफा ५ :-**

*पालन पोषण आदिमा छोरा वा छोरमिा भेदभाव गर्न नहुने :-*

- बालबालिकाको पालन पोषण, शिक्षा तथा स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र कुनै भेदभाव गर्नु हदैन।

**दफा ६ :-**

- बैबाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालबालिका वा धर्मपुत्र वा धमृपुत्री वा आफुले जन्माएको बालबालिका बीच भेदभाव गर्न नहुने।
- कुनै स्त्री पुरुषको बीच बैबाहिक सम्बन्ध कायम भैसके पछि जन्मेका बालबालिककाहरुको पालनपोषण शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुदैन।



## बाल विवाह

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

FEDO

unicef

# विवाह

- विवाह गर्दा संरक्षकको मंजुरी भएमा विवाह गर्ने केटा र केटीको उमेर १८ बर्ष पूरा भएको हुनुपर्छ।
- आफू खुशी विवाह गर्ने हो भने विवाह गर्ने केटा र केटीको उमेर २० बर्ष पुगेको हुनुपर्छ।

## बालविवाह

**परिभाषा**:
कानूनले तोकेको उमेर नपुग्दै गरिने विवाहलाई बालविवाह भनिन्छ। बाल विवाहलाई कानूनले अपराध मानि दण्डनिय गरेको छ। बालविवाह गर्ने गराउने बाबु, आमा, लमी, पुरोहित र सहयोगिलाई पनि सजाय हुन्छ।

**उजुरी गर्ने ठाउा र हदम्याद**:
बालविवाह भएको देख्ने जोसुकैले पनि तीन महिना भित्र नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्दछ।

**सजाय**:
- दश बर्ष भन्दा मुनिकी बालिकाको विवाह गराएकोमाःतीन बर्षसम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना।
- दश बर्षमाथि चौध बर्ष नपुगेकी बालिकाको विवाह गराएकोमाः तीन महिनादेखि एक बर्षसम्म कैद र पाँच हजार रुपैंयासम्म जरिवाना,
- चौध बर्ष माथि अठार बर्ष नपुगेकी बालिकाको विवाह गराएकोमाः ६ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना हुने वा दुवै,
- अभिभावकको मन्जुरी नभई २० बर्ष उमेर नपुगेको व्यक्तिको विवाह गराएकोमाः ६ महिनासम्म कैद वा दश हजार रुपैंयासम्म जरीवाना हुने वा दुवै।

**क्षतिपुर्तिको व्यवस्था** :
उमेर नपुगेका केटा केटीको विवाह गर्ने गराउनेबाट लिएको जरिवाना रकम पीडितलाई क्षतिपुर्ति वापत भराउन सकिन्छ।

**विवाह वदर हुने**:
बालविवाह भएको दम्पत्तिको सन्तान जन्मिएको छैन भने विवाह गर्ने व्यक्तिको उमेर १८ बर्ष पुगेपछि मन्जुर नगरे विवाह बदर हुन्छ, मन्जुर गरे विवाह सदर हुन्छ।



बहु विवाह

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

# बहुविवाह

कुनै व्यक्तिले आफ्नो पत्नी जिवित छँदै वा कानून बमोजिम सम्बन्ध विच्छेद नभईकन अर्को विवाह गर्नुलाई बहुविवाह भनिन्छ। बहुविवाहलाई कानूनले अपराध मानी दण्डनिय गरेको छ। तर निम्न अवस्थाहरुकमा कानूनले बहुविवाह गर्न छुट दिएको छ :-

- स्वास्नीलाई निको नहुने यौन रोग लागेकोमा,
- स्वास्नी निको नहुने गरी बहुलाएमा,
- स्वास्नीको कारणबाट विवाह भएको १० बर्षसम्म सन्तान नभएको भन्ने मेडिकल बोर्डबाट प्रमाणित भएमा,
- हिंडडुल गर्न नसक्ने कुँजि भएमा,
- अन्धी भएमा,
- अंश लिई छुट्टै बसेमा।

**उजुरी गर्ने ठाउँ र हदम्याद**:-
बहुविवाह भएको थाहा पाउने जो सुकैले थाहा पाएको मितिले ३५ दिनभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्दछ।

**सजाय**:
बहुविवाह गर्ने व्यत्तिलाई एक बर्षदेखि तीन बर्षसम्म कैद र ५ हजारदेखि २५,००० रुपैँयासम्म जरिवाना हुनेछ। अर्को पत्नी छ भन्ने थाहा भइकननै विवाह गरी सौता भई आउने महिलालाई पनि बहुविवाह गर्ने पुरुषसरह नै सजाय हुन्छ।



# नागरिकता

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

FEDO

unicef

# नागरिकता

**विधमान नेपाली कानूनमा नागरिकता प्राप्तिका आधारहरू:-**
नेपालको अन्तरिम संविधान, २०६३, नेपाल नागरिकता ऐन र नियमावलिअनुसार निम्न प्रकारले नेपाली नागरिकता प्रदान गरिन्छ :

| वंशजको आधारमा | अंङ्गिकृत | जन्मको आधारमा | क्षेत्र गाभिएको आधारमा |
|---|---|---|---|
| • बाबु वा आमा नेपाली नागरिक भएमा<br>• पितृत्व मातृत्व ठेगान नभएको नेपालीबाट फेला परेका नाबालक | • नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिला<br>• विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएका छोराछोरी<br>• नेपालमा कम्तिमा पन्ध्र बर्ष बसोबास लगायत अन्य शर्तहरु पूरा गरि आफ्नो देशको नागरिकता त्यागेको व्यक्ति | • २०४६ साल चैत्र मसान्तसम्ममा नेपालमा जन्मी स्थायी बसोबास गर्दै आएको व्यक्ति | • नेपालमा गाभिएको क्षेत्रभित्रको व्यक्ति |

नेपालमा अन्तरिम संविधानको भाग २ धारा ८(२)(ख) मा "कुनै व्यक्तिले जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक रहेछ भने , त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नगरिक हुने" भन्ने प्रस्ट व्यवस्था गरेको छ। त्यस्तै नेपाल नागरिकता ऐन २०६३ को दफा ३ को उपदफा (१)मा "कुनै व्यक्तिको जन्म हुँदा निजको वावु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको हुनेछ ; भनि आमा र बावु दुवैलाई वंशजको परिभाषा भित्र समेटेको छ।

नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम १ मा "वंशजको नाताले नेपाली नागरिकताको प्रमाण-पत्र लिन चाहने १६ बर्ष उमेर पूरा भएको नेपाली नागरिकले संवन्धित प्रमुख जिल्ला अधिकार समक्ष आफ्नो वावु वा आमा वा तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाण-पत्र र जन्मस्थान र नाता खुल्ने  गरी संवन्धित स्थानिय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाण-पत्र प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्छ" भन्ने प्रष्ट ब्यवस्था छ।



अन्तरजातिय विवाह

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

FEDO

unicef

# अन्तरजातिय विवाह

**परिभाषा** :
कुनै एक जातको केटा वा केटीले अर्को जातको केटा वा केटीसँग विवाह गरेमा त्यसलाई अन्तरजातिय विवाह भन्ने बुझिन्छ।

अन्तरजातिय विवाह गर्दा सजाय गर्ने कानूनमा कुनै व्यवस्था छैन किनकी कुनै एकजातको केटा वा केटीले अरु कुनै जातको केटा वा केटीसँग विवाह गर्न पाईन्छ तर यस्तो अन्तरजातिय विवाहमा रोक लगाएमा सजायको व्यवस्था भने कानूनले गरेको छ।

कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका वर-वधुबाट मञ्जुर भएको अन्तरजातिय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएको सन्तानको न्वारन नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन हुँदैन।

**सजाय** :
यस्तो कसूर गर्ने व्यक्तिलाई एक महिना देखि एक बर्षसम्म कैद वा पाँचसय रुपैयाँदेखि दश हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुन्छ।

**उजुरी**:
यस्तो कसूर गरेको थाहा पाउने जोसरकै व्यक्तिले पनि नजिकको प्रहरी कार्यालयमा उजूर गर्न सक्नेछ।

**हदम्याद**:
कसूर गरेको मितिले तिन महिना भित्र मुद्दा दायर गर्नुपर्नेछ।

**क्षतिपुर्ति**:
कसूर ठहर भएमा अदालतले कसूरदारबाट पिडितलाई रु. पच्चिस हजारदेखि रु.एक लाख रुपैँयासम्म क्षतिपुर्ति भराइदिन सक्नेछ।

**प्रोत्साहन**:
दलित  जातिसँग अन्तरजातिय विवाह गर्नेले रु १,००,००० पाउने निति नेपाल सरकारले लिएको छ।



घरेलु हिंसा

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

# घरेलु हिंसा

**परिभाषाः**

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ अनुसार “घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो। घरेलु हिंसा भित्र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्य समेत पर्दछ।

**उजुरी दिने निकायहरूः**

- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग
- स्थानिय निकाय(गा.वि.स, नगरपालिका)
- अदालत(सिधै उजूर गर्न सक्ने)

**उजुरी गर्न सक्ने व्यक्तिः**

घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले उजुरी दिन सक्दछ।

**उजुरीको हदम्यादः**

घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्दछ।

**घरेलु हिंसामा हुने सजायः**

**घरेलु हिंसा गरेमाः** कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई रु. ३००० देखि रु. २५,००० सम्म जरिवाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुन सक्दछ।

**घरेलु हिंसाको उधोग गरेमाः** घरेलु हिंसाको उधोग, दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा हुन्छ।

**पटके पिडकको हकमाः** एकपटक घरेलु हिंसाको कसुरमा सजाय पाइसकेको व्यक्तिले पुनः साही कसुर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ।

**सार्वजनिक पदमा कार्यरत व्यक्तिले हिंसा गरेमाः** सार्वजनिक जवाफदेहिको पदमा वहाल रहेको कुनै व्यक्तिले कसुर गरेमा निजलाई थप १० प्रतिसत सजाय हुन्छ।

**अदालतको अन्तरिम संरक्षणको आदेश पालना नगरेमाः** अदालतले प्रदान गरेको अन्तरिम संरक्षणात्मक आदेश पालना नगर्ने व्यक्तिलाई रु. २००० देखि रु. १५,००० सम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवै सजाय हुन्छ।



छुवाछुत

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

FEDO
unicef

# छुवाछुत

**परिभाषाः**
कसैले कुनै पनि व्यक्तिलाई प्रथा परंपरा धर्म, संस्कृति, रितिरिवाज, जात, जाति वा पेशाको आधारमा भेदभाव र छुवाछुत हुने कुनै काम गरे गराएमा जातिय भेदभाव तथा छुवाछुत भएको मानिन्छ।

**कानूनी व्यवस्थाः**
कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परंपरा, धर्म, संस्कृति,रितिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातिय भेदभाव वा छुवाछुत गरी सार्वजनिक वा निजि स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले प्रतिवन्ध लगाउने वा व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक वहिस्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा सहन नसकिने व्यवहार गर्ने, सार्वजनिक समारोह आयोजना गर्नबाट वंचित गर्ने सार्वजनिक सेवा उपभोग गर्नबाट वंचित गर्ने, कुनै व्यवसाय गर्न प्रतिबन्ध लगाउने अथवा कुनै पेशा व्यवसाय गर्न वाध्य गराउने, कुनै धार्मिक कार्य गर्नबाट वचिंत गराउने, कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, विक्री वा वितरण गर्न रोक लगाउने खास जातिको व्यक्तिलाई मात्र कुनै बस्तु, सेवा वा सुविधा, उत्पादन विक्रि वितरण गर्न लगाउने र कुनै जातिका आधारमा परिवारका कुनै सदस्यलाई वहिस्कार गर्ने, घरमा प्रवेश गर्न नदिने वा घर गाउँवाटै निकाल्ने वा निस्कन वाध्य तुल्याउने गर्न पाइँदैन।

**सजायः**
- यस्तो कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन बर्षसम्म कैद वा एक हजार रुपैंयादेखि पच्चिस हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।
- यदि सार्वजनिक पदमा काम गर्ने व्यक्तिले यस्तो कसूर गरेमा थप पच्चिस प्रतिशत सजाय हुन्छ।
- जातिय भेदभाव छुवाछुत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उधोग गर्ने व्यक्तिलाई मूख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ।

**उजुरीः**
यस्तो कसूर गरेको थाहा पाउने जोसरकै व्यक्तिले पनि नजिकको प्रहरी कार्यालयमा उजूर गर्न सक्नेछ।

**हदम्यादः**
कसूर गरेको मितिले तिन महिना भित्र मुद्दा दायर गर्नुपर्नेछ।

**क्षतिपुर्तिः**
कसूर ठहर भएमा अदालतले कसूरदारबाट पिडितलाई रु. पच्चिस हजारदेखि रु.एक लाख रुपैंयासम्म क्षतिपुर्ति भराइदिन सक्नेछ।



चेलीबेटी बेचबिखन

FEDO

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

unicef

# मानव बेचबिखन

बालबालिका वा उमेर पुगेका जो कसैलाई डर धाक देखाई, ललाई फकाई आर्थिक प्रलोभन वा लोभलालच देखाई वा किन्ने वा बेच्चे उद्देश्यले मानिसलाई विदेशमा लैलाने वा वेश्यावृत्तिमा लगाउने, शोषण गर्ने उद्देश्यले शारीरिक,मानसिक रुपमा दवाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर,स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा मन्जुरी विना नेपाल भित्र वा विदेशमा लैजाने वा अरु कसैलाई (खरिद बिक्री) गर्ने कार्य नै मानव बेचविखन भनिन्छ।

## उजुरी

मानव बेचबिखनको उजुरी नजिकैको प्रहरी कार्यालयमा गर्नुपर्छ। यो उजुरी बेचिएको मानिसले,बेचिएको मानिसको आफन्त र घटनाको बारेमा थाहा पाउने जोसुकै मानिसले पनि गर्न पाउंछ। यो उजुर गर्नलाई कुनै हद म्याद हुदैन। जहिले सुकै पनि गर्न सकिन्छ। यसको काम कारवाही अदालतमा बन्द ईजलासमा हुन्छ।

## सजायको व्यवस्था

*मानबवेचबिखनमा निम्नलिखित सजाय हुन्छ :*

१. मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र दुई लाख रुपैया जरिवाना हुन्छ।

२. कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्राअनुसार १० वर्षदेखि १५ वार्षसम्म कैद र पचास अजारदेखि एक लाख रुपैयासम्म जरिवाना हुन्छ।



छाउपडी

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

# छाउपडी

विशेष गरी  मध्य, सुदूर पश्चिमाञ्चलका जिल्लाहरुमा महिलाहरुको मासिक श्राव(छुई) भएको अवस्थामा र सुत्केरी हुँदा उनीहरु घरभन्दा टाढा गोठमा बस्नु पर्ने र यस्तो अवस्थामा महिलालाई दूध, दहि, घ्यू जस्ता पोषिलो पदार्थ खान र छुन समेत दिइँदैन। महिलालाई धारा पंधेरामा जान दिइँदैन। उनीहरु घरदेखि टाढा असुरक्षित र फोहोर ठाउँमा वस्नुपर्ने भएकोले उनिहरुलाई विभिन्न रोग लाग्ने, बलात्कार हुने र मृत्यु समेत भैरहेको छ।

त्यसैले सम्मानित सर्वोच्च अदालतमा छाउपडि गोठमा राख्ने प्रथा रोकी पाउँ भनि रिट निवेदन दायर भएको थियो। मिति २०६२ साल वैशाख १९ गते उक्त मुद्दामा निर्देशनात्मक आदेश जारी भयो। उक्त आदेश पश्चात  छाउपडी प्रथालाई नेपाल सरकारले कुरिती घोषणा गरिसकेको छ। सोहि दिन निम्न बमोजिम अन्य आदेश पनि जारी भएको थियो।

१) स्वास्थ्य मन्त्रालयले चिकित्सकहरु समेत भएको एक अध्ययन समिति बनाई छाउपडि प्रथा कायम रहेका जिल्लाहरु तथा स्थानहरुमा महिला तथा बालबालिका माथि सो प्रथाबाट पर्न जाने र परिरहेका असरको समिक्षा गरी त्यसबारे गर्नुपर्ने स्वास्थ्य सम्बन्धी कार्यहरुको पहिचान गरी यथासक्य चाँडो प्रतिवेदन स्वास्थ्य मन्त्रालय र सर्वोच्च अदालतमा पेश गर्नु भन्ने आदेश भएको थियो।

२) छाउपडि प्रथाको विरुद्ध सार्वजनिक चेतना जगाउन स्थानिय निकायहरुलाई परिचालित गर्न स्थानिय विकास मन्त्रालयले निर्देशन दिनु भन्ने आदेश भएको थियो।

३) छाउपडि प्रथा अन्तर्गत महिला माथि हुने कुनै पनि प्रकारको विभेद रोक्न  श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र निर्देशिका बनाई उक्त निर्देशिका लागु गर्नु गराउनु, साथै त्यस्तो निर्देशिका बनेको बारेमा यस सर्वोच्च अदालतलाई समेत जानकारी गराउनु भन्ने आदेश जारी भएको थियो।



बोक्सी

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

FEDO

unicef

## बोक्सी

कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोपमा निजलाई बसोवास गरेको ठांउबाट निकाला गर्ने अमानविय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने काम गरेमा वा निजलाई बसोवास गरेको ठाउंबाट निकाला गरेमा तीन महिना देखि दुई वर्ष सम्म कैद वा पांच हजार रुपैया देखि पच्चीस हजार रुपैया सम्म जरिवाना वा दुवै सजाय हुन्छ। उजुरी गर्ने ठाउं नजिकको प्रही कार्यालय, हदम्याद पैतिस दिन भित्र उजुरी गरि सक्नु पर्छ।




सामाजिक सहभागिता

Contact Information
**Feminist Dalit Organization (FEDO)**
G.P.O. Box No.: 4366, Ktm.
Kupondol, Lalitpur, Nepal.
Tel: +977-01-5520982 ,5543986
Fax: +977-01-5520982
Email: dms@fedo.wlink.com.np

unicef

# सामाजिक सहभागिता

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका वर्ग समुदायहरु (दलित, महिला, जनजाति, मधेशी) आदिलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ भन्ने व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ अन्तर्गत मौलिक हकमा व्यवस्था गरेको छ।

समावेशीकरणका लागि महत्वपूर्ण आधार भनेको सहभागीता हो । कुनै पनि वर्ग वा समुदायको समावेशीकरण लागि राज्यका सबै किसमका संयन्त्रहरु जस्तै राजनीतिक संयन्त्र, सरकार र सरकारमातहतका सबै किसिमका संयन्त्रहरु निजामति प्रशासन, सेना, प्रहरी, स्वास्थ्य सेवा, न्याय प्रणालीमा सहभागिता हुनुको साथै गैर सरकारी क्षेत्रमा पनि सहभागिता हुनु आवश्यक छ। त्यसैगरी समुदायमा आधारित विकास प्रणाली र विकासबाट फाइदा हुने वा लिने विषयमा समेत सहभागिताको सुनश्चितता गरी दिनुपर्दछ।